गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

आज मिती २०८१ साल चैत्र ११ गते सोमबारको दिन दिउसो ०२:०० बजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ४४ औं कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय बमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

तपशिल

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १ वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २ वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३ वडाध्यक्ष | | |
| ६ | श्री नबराज खड्का | वडा नं. ४ का.बा. वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५ वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६ वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री दिनेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत सचिव | | |

CamScanner

छलफलका विषयहरु:

१. अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा ।
२. विभिन्न किसिमका रकम भूक्तानी अनुमोदन सम्बन्धमा ।
३. योजना तथा बजेट कार्यान्वयन सम्बन्धमा ।
४. गृहिणी महिला शसक्तिकरण कार्यक्रम संचालन सम्बन्धमा ।
५. आ.व. २०८०/०८१ को LISA को नतिजा अनुमोदन सम्बन्धमा।
६. तहबृद्धी समिती गठन गर्ने सम्बन्धमा।
७. दरबन्दी मिलान गर्ने सम्बन्धमा ।
८. बागमती प्रदेश सरकारबाट बढुवा सिफारिस भई आएका कर्मचारीको बढुवा नियुक्ति गर्ने सम्बन्धमा ।
९. गोकुलगंगा अस्पतालको मेशमा भएको खर्च रकम भूक्तानी सम्बन्धमा।
१०. लागत साझेदारी सम्बन्धमा।
११. वजेट माग गर्ने सम्बन्धमा।
१२. आर्थिक सहयोग वापतको रकम भूक्तानी गर्ने सम्वन्धमा।
१३. बजारीकरण प्रवर्द्धन गर्ने सम्बन्धमा।
१४. डि.पि.आर. सम्वन्धमा।
१५. ग्याविन तारजाली भर्ने कार्यको रकम भूक्तानी सम्वन्धमा ।
१६. डिजिडिजिटल प्रोफाइलका सम्वन्धमा।
१७. ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा।

## निर्णयहरु:-

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल हुँदा चालु आर्थिक वर्षको चैत्र १ गते देखी हालसम्म विभिन्न शिर्षकवाट खर्च लेखी तपशिलमा उल्लेखित फर्म खेलकुदको लागि आर्थिक सहयोग तथा विभिन्न आपूर्तीकर्ता तथा परामर्शदाताहरुलाई भूक्तानी भएको खर्चलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | प्रापक प्रकार | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थागत | श्री भोटिनी देवी कृषि तथा पशुपालन समुह | ८८,१५७.०० | |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर स्याङतान
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | संस्थागत | खिम्ती ग्रामीण विद्युत सहकारी संस्था लिमिटेड | ५३,१५९.०० | |
| ३ | व्यक्तिगत | शिव बहादुर कार्की | ५९,४००.०० | |
| ४ | व्यक्तिगत | सुजन खड्का | ३७,८०४.०० | |
| ८ | आपूर्तिकर्ता | जाल्पादेवी आयल स्टोर | २,६३,१४३.०० | |
| ६ | आपूर्तिकर्ता | जि.केस होटल एण्ड लज | ५,९५९.२५ | |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल हुँदा चालु आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वजेट तथा कार्यक्रमहरुको कार्य सम्पन्न भएका योजनाहरुको अनुगमन समितीको अनुगमन प्रतिवेदन तथा प्राविधिक मूल्यांकनका आधारमा रकम भूक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल हुँदा गृहणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८० को परिच्छेद-२ को बुँदा नं. ५ बमोजिम यस गाउँपालिकाका छ वटै वडामा कार्यक्रम संचालन गर्नको लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई जिम्मेवारी दिने र सो कार्यक्रमको लागि लागत साझेदारी वापत गाउँपालिकाले व्यहोर्ने रकम गोकुलगंगा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्य संघसंस्था साझेदारी शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल हुँदा आ.व. २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा कुल अंक ९२ प्राप्त भएको हुँदा न्युनतम अंक प्राप्त गरेको स्वमूल्याङ्कनको विषयक्षेत्रमा आगामी दिनमा सुधार गर्ने गरी दोश्रो कार्यकालको ४४ औं कार्यपालिकामा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

स्वमूल्याङ्कनको (लेखाजोखाको) नतिजा

| क्र. सं | विषय क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८.५ | ९४.४४ |
| २ | संगठन तथा प्रशासन | ८ | ८ | १०० |
| ३ | वार्षिक वजेट तथा योजना | ११ | १०.५ | ९५.४५ |
| ४ | वित्तिय तथा आथिक | ११ | १० | ९०.९१ |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५ | सेवा प्रवाह | १६ | १५ | ९३.७५ |
| ६ | न्यायिक कार्य | ७ | ७ | १०० |
| ७ | भौतिक पूर्वाधार | १३ | १० | ७६.९२ |
| ८ | सामाजिक समावेशीकरण | १० | १० | १०० |
| ९ | वातावरण संरक्षण | ९ | ७ | ५५.५६ |
| १० | समन्वय तथा सहकार्य | ६ | ६ | १०० |
| | जम्मा | १०० | ९२ | ९२ |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल हुँदा स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ बमोजिम स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तहबृद्धी गर्ने प्रयोजनको लागि यस गाउँपालिकामा देहाय वमोजिमको तहवृद्धी समिती गठन गर्ने निर्णय गरियो ।

देहायः-

१. प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश भट्टराई - संयोजक
२. शिक्षा अधिकृत (सातौं) श्री नरेन्द्रसिंह भण्डारी - सदस्य
३. पशु चिकित्सक (अधिकृतस्तर आठौं) श्री विजेन श्रेष्ठ - सदस्य सचिव

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिका वडा नम्वर ६ स्थित श्री ज्याम्किरी आधारभूत विद्यालयको प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत स्थायी शिक्षक सन्तोशी कार्कीलाई विद्यार्थी संख्या र विषयगत आवश्यकताको आधारमा दरवन्दी मिलान गरी गोकुलगंगा गाउँपालिका वडा नम्वर ४ स्थित श्री गोकुलगंगा आधारभूत विद्यालयमा रिक्त रहेको (कृष्ण ब.भण्डारी दोलखा सरुवा गएको) प्राथमिक तहको दरवन्दीमा पदस्थापन तथा दरवन्दी मिलान गर्ने र वडा नम्वर ४ स्थित श्री जनजागृत माध्यमिक विद्यालयमा रिक्त रहेको प्राथमिक तह राहत दरवन्दीलाई, गोकुलगंगा गाउँपालिका वडा नम्वर ६ स्थित श्री ज्याम्किरी आधारभूत विद्यालयमा लगी पदपूर्ती गर्ने र ज्याम्किरी आधारभूत विद्यालयमा रिक्त रहेको प्राथमिक तह दरवन्दीलाई जनजागृत माध्यमिक विद्यालयमा लगी शिक्षक सेवा आयोगवाट सिफारिस भई आउने नयाँ शिक्षकलाई पदस्थापन गरी पदस्थापन तथा दरवन्दी मिलान गर्ने निर्णय सर्व सम्मतले पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा श्री मूख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, वागमती प्रदेश, हेटौंडा कार्यालयको च.नं. २०४१ मिती २०८१/११/२० को पत्रानुसार बढुवा सिफारिस भई बढुवा नियूक्तीको लागि दक्षिणकाली नगरपालिका, काठमांडौबाट रमाना पत्र लिई आउनुभएका कर्मचारी श्री पविता राई (स्थानीय

कृषि सेवा, बालि विकास समूह, कृषि प्रसार अधिकृत, अधिकृतस्तर सातौं तह) लाई यस कार्यालयको रिक्त दरबन्दी भित्र बढुवा नियूक्ती पत्र प्रदान गरी पदस्थापन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिकाद्वारा संचालित गोकुलगंगा अस्पतालमा कार्यरत मेडिकल अधिकृत र अस्पतालमा भर्ना भएका विरामीहरुलाई मेस संचालन गर्दै आईरहेको सन्दर्भमा खाना तथा खाजामा खर्च हुने रकम भूक्तानी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिका वडा नं. ४ वेताली स्थीत शिव आधारभूत विद्यालयमा घेराबार निर्माण गर्नपर्ने भएकोले उक्त विद्यालयको घेराबार निर्माण कार्यको लागि रु. १२००००।(अक्षरेपी एक लाख बीस हजार मात्र) गोकुलगंगा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वजेट तथा कार्यक्रम अनुसार अन्य संघ संस्था साझेदारी शिर्षकवाट शिव आधारभूत विद्यालय घेराबार निर्माणकार्यको रकम र गोकुलगंगा गाउँपालिका वडा नं. १ चुचुरे स्थितका विभिन्न सडकहरु सरसफाई तथा मर्मत गर्नको लागि प्राविधिकबाट तयार भई आएको लागत अनुमान तथा कार्य सम्पन्न विल अनुसारको रकम गोकुलगंगा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम गाउँपालिकाभित्रका विभिन्न सडक सरसफाई र मर्मत कार्यक्रमबाट खर्च हुने गरी सडक सरसफाई उपभोक्ता समिती चुचुरेलाई रकम भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिकाको स्थानीय जनतालाई लाभ पुग्ने गरी गोकुलगंगा गाउँपालिको लागि आधारभूत अस्पताल भवन निर्माण गर्नको लागि पालिकाको श्रोतवाट वजेट व्यवस्थापन गर्न नसकिने भएको हुँदा आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकार अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा, सिंहदरबार काठमांडौमा आवश्यक वजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिका ३ नं. वडा कार्यालय र ४ नं. वडा कार्यालयबाट सिफारिस भई आएका विपन्न नागरिकहरुलाई औषधि उपचार खर्च वापत तपशिल अनुसारको आर्थिक सहायता रकम विपन्न नागरिकलाई आर्थिक सहायता शिर्षकवाट भूक्तानी दिने निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | भूक्तानी पाउनेको नाम | रकम रु. | वडा नं. | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | हरी बहादुर सुनुवार | २२४०० | ३ | विपद् व्यवस्थापन | |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर स्याङ्तान
अध्यक्ष

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २ | तीर्थ बहादुर कार्की | १०००० | ३ | विपन्न नागरिक आर्थिक सहायता | |
| ३ | राजु थापामगर | २०००० | ४ | विपन्न नागरिक आर्थिक सहायता | |
| ४ | मेखराज कार्की | १५००० | ४ | विपन्न नागरिक आर्थिक सहायता | |
| ५ | तोरण बहादुर सुनुवार | २०००० | ३ | विपन्न नागरिक आर्थिक सहायता | |
| ६ | कृष्ण बहादुर अधिकारी | १५००० | २ | विपन्न नागरिक आर्थिक सहायता | |

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाका किसानहरु आफ्ना उत्पादिन वस्तुको वजार पाउन र वजार पाएका पनि उचित मूल्य पाउन नसकी कृषि पेशावाट नै पलायन भईरहेको अवस्था रहेको छ । कृषि उपजको वजारीकरणको लागि प्रत्येक वडा कार्यालयले संकलन गर्ने गरी उत्पादित वस्तुको परिमाण, वेच्न चाहेको मूल्य, कृषकको नाम र सम्पर्क नम्बर समेत कायम गरी फाराम विकसित गरी वडा कार्यालयले संकलन गरेको विवरण यस गाउँपालिकाको वेभसाईट www.gokulgangamun.gov.np मा नयाँ Category सिर्जना गरी हाललाई किवी र आलुको विवरण राखी वजारीकरणलाई प्रवर्द्धन गर्ने सर्वसम्मतीले निर्णय गरियो।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिकाको तपशिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको परामर्शदाता मार्फत Detail Project Report (D.P.R.) तयार गर्ने निर्णय गरियो।

तपशिल

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | खोलाखर्क देखी जटापोखरी, पाँचपोखरीसम्म पैदल मार्ग तथा मन्दिर निर्माण | रु. पाँच लाख मात्र |
| २ | खहरे नामाडी, काडे सडक | रु. पाँच लाख मात्र |

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितीको मिती २०८१ साल चैत्र ११ गतेको निर्णयानुसार सिफारिस भई आएको विपदमा परि पहिरोको

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

कारण क्षति भएका सडक र हावा हुरी साथै आगोलागिबाट क्षती भएका स्थानहरुमा गाउँपालिकाबाट वितरण भएको तारजाली भर्नको लागि प्राविधिकबाट तयार भई आएको लागत अनुमान अनुसार तपशिलका योजनाहरुलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी उल्लेखित रकम भूक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

| क स | योजनाको नाम तथा ठेगाना | इस्मिट रकम | पालिकाबाट विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ठोसे बजार माहादेब थान सडक ठोसे २ | ५३७२७ | ५३७२७ | खोलाको वहाब बडेको को कारण |
| २ | ठोसे बजार चौतारा सडक ठोसे २ | ८९५४६ | ८९५४६ | २०८१/६ /१२ को वर्षाको पानीको कारण |
| ३ | गोब्रेटार तटबन्धन ठोसे २ | २३५०५८ | २३५०५८ | २०८१/६ /१२ को वर्षाको पहिरो |
| ४ | साङवा डाँडा सडक चुचुरे १ | २०४८३६ | २०४८३६ | २०८१/६ /११ को वर्षाको पहिरो |
| ५ | चुचुरे कोप्चे सडक चुचुरे १ | ७३८७५ | ७३८७५ | २०८१/६ /१२ को वर्षाको पानीको कारण |
| ६ | सेति देवि मा वि चुचुरे १ | २४९८०९ | २४९८०९ | २०८१/६ /१२ को वर्षाको पानीको कारण |
| ७ | जौवारि वदेलवारे सडक वेताली ४ | ६७१५९ | ६७१५९ | २०८१/६ /१२ को पानी वाट पहिरो |
| ८ | बन्चरे पहिरो नियन्त्रण वेताली ४ | ९०५२८ | ४०००० | २०८१/४ /१० को पानी वाट पहिरो |
| ९ | कुमारतामाङ नामाडी ५ | ८३२८९ | ३०००० | २०८१/६ /१२ को पानी वाट पहिरो |
| १० | रानिपोखरि स्कुल रस्नालू ३ | | १५००० | २०८१/११ /२९ का हावाहुरी |
| ११ | आङदोर्जे शेर्पा रस्नालू ३ | | ५०००० | २०८१/७ /१५ आगालागि |
| १२ | शिब आ वि घेराबार बेताली ४ | १५०००० | १५०००० | विद्यालय संरक्षण |

दिनेश [illegible]
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १३ | सडक सरशफाइ चुचुरे १ | २००००० | २००००० | वर्षाको पानीको कारण |
| १४ | सडक तथा नाली सरशफाइ ठोसे २ | ३५०००० | ३५०००० | वर्षाको पानीको कारण |

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगर तथा गाउँ डिजिटल प्रोफाइल निर्माण तथा अध्यावधिक शिर्षकमा रकम रु पाँच लाख विनियोजन भएको हुँदा चालु आर्थिक वर्षमा विनियोजित वजेट अनुसारको कार्य सम्पन्न गर्ने र लागत अनुमान अनुसारको अपुग रकम आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि वजेट श्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमांडौमा मिती २०८१/१०/०८ गते दर्ता नं. ३५९५७१/८१/८२ कायम भई दर्ता भएको श्री वोहोरीगंगा कन्स्ट्रक्शन एण्ड सप्लायर्सले मिती २०८१/११/०९ मा आन्तरिक राजश्व कार्यालय, करदाता सेवा कार्यालय मन्थलीमा समेत स्थायी लेखा नम्वर ६२१२८९०३३ कायम गरेको र हाल यस कार्यालयमा पेश गरेको निवेदन तथा सम्वन्धित वडा कार्यालयको सिफारिसका आधारमा श्री वोहोरीगंगा कन्स्ट्रक्शन एण्ड सप्लायर्सलाई यस कार्यालयबाट घ वर्ग ठेक्काको ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत